नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

प.सं. २०७५।०७६ *आन्तरिक तथा आर्थिक प्रशासन शाखा* मिति २०७५/१२/०४

चलानी नं. ६००

श्री सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरु ।

**बिषय : अतिरिक्त समयमा काम गरे वापत भत्ता उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको मिति २०७५।११।२१ गतेको पत्रानुसार अतिरिक्त समयमा काम गरे वापत भत्ता उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारको मिति २०७५।१०।२१ को निर्णयको प्रतिलिपि संलग्न गरिएको छ । व्यहोरा सोहि पत्रबाट अवगत गर्नु भई निर्णय कार्यान्वयन गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ ।

दिनेश रेग्मी

उप महालेखा नियन्त्रक

"नतिजामुखी प्रशासन : समृद्धि र सुशासन "

अनामनगर, काठमाण्डौ, फोनः ०१-४४३८५३६, ४४३८५४५, फ्याक्सः ०१-४४१४६५१

Email: info@fcgo.gov.np Website www.fcgo.gov.np

१०३१
११/२३

नेपाल सरकार

# अर्थ मन्त्रालय

( प्रशासन महाशाखा )

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०७५/०७६

च. नं.:- १६९३

मितिः- २०७५/११/२१

विषयः अतिरिक्त समयमा काम गरे वापत भत्ता उपलब्ध गराउने ।

श्री महालेखापरीक्षकको कार्यालय, बबरमहल ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर ।
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट ।
श्री भन्सार विभाग, त्रिपुरेश्वर ।

महालेखा नियन्त्रक कार्यालय
दर्ता नं.: ४४६८
मिति: ११/२३

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.म.बै./३२१/६०१८ मिति २०७५/१०/२१ को मन्त्रिपरिषद्को निर्णय र च.नं. ६०६३, मिति २०७५/११/१९ को पत्रको छाँया प्रति यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई निर्णय कार्यान्वयन गर्न/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७५/११/२१

(थम लाल भट्टराई)
शाखा अधिकृत

मानव श्रोत व्यवस्थापन
महाशाखा

११/२६

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन, र आर्थिक तथा पूर्वाधार विकास)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ०७५।७६

च.नं. :- ६०६३

मिति : २०७५/११/१९

विषयः- अतिरिक्त समयमा काम गरे वापत भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

प्रिय सहकारीज्यू,

अतिरिक्त समयमा काम गरेवापत भत्ता उपलब्ध गराउने सम्वन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/१०/२१ मा देहाय बमोजिम निर्णय भएकोले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

१. विगतमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भएका निकायहरू (संघीय संसद, न्यायपालिका तथा अर्थ मन्त्रालय अन्तर्गतका भन्सार कार्यालय र राजस्व कार्यालयसमेत) मा कार्यरत कर्मचारी (करारसमेत) लाई नियमित कार्यालय समयमा निजको जिम्मेवारीअनुसारको कार्य लगातार गरिरहँदा पनि आफ्नो कार्यसम्पादन गर्न नभ्याउने अवस्था परी अतिरिक्त समयमा कार्यालयमा रही कार्यसम्पादन गर्नुपर्ने भएमा सम्बत् २०७५ फागुन १ गतेदेखि लागू हुने गरी २०७६ असार मसान्तसम्मका लागि अतिरिक्त समय काम गरेवापत भत्ता उपलब्ध गराउने ।

२. यसरी अतिरिक्त समय काम गरेबापत भत्ता उपलब्ध गराउँदा मासिक रूपमा अधिकतम ८० घण्टासम्म अतिरिक्त समय काम गरेबापत शुरु तलब स्केलको ५०% (पचास प्रतिशत) सम्म र मासिक ८० घण्टाभन्दा कम अतिरिक्त समय काम गरेकोमा सोही अनुपातमा भत्ता उपलब्ध गराउने । तर, दैनिक १ घण्टाभन्दा कम अतिरिक्त समय काम गरेको अवधिलाई यस प्रयोजनका लागि गणना नगर्ने ।

३. अतिरिक्त समयमा काम लगाउनुपर्नाको कारण, सम्पादन गरेको कार्य र अतिरिक्त समय काम गरेको अवधि मन्त्रालय र केन्द्रीय निकायको हकमा महाशाखा प्रमुखको सिफारिसमा सचिव (राजपत्राङ्कित विशिष्ट श्रेणी) ले र अन्य निकाय वा कार्यालयको हकमा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले स्वीकृत गर्ने ।

४. अतिरिक्त समय काम गरेको अवधिको गणना गर्दा विद्युतीय हाजिरी मेसिन (E-attendance) को अभिलेखलाई आधार लिने ।

५. अतिरिक्त समय काम गरेबापत भत्ता उपलब्ध गराउन आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले सम्बन्धित निकायलाई निकासा दिने ।

श्री सचिव
अर्थ मन्त्रालय ।

(शिशिरकुमार ढुङ्गाना)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

.................. शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या :-

च.नं. :- ८.४१३७११५०१८

मिति २०७५/१०/२१

श्री सचिव,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

अतिरिक्त समय काम गरेबापत भत्ता उपलब्ध गराउने विषय मं.प.बै.सं. ५४/०७५ मिति २०७५/१०/२१ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय–</u>

"१. विगतमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भएका निकायहरू (संघीय संसद, न्यायपालिका तथा अर्थ मन्त्रालय अन्तर्गतका भन्सार कार्यालय र राजस्व कार्यालयसमेत) मा कार्यरत कर्मचारी (करारसमेत) लाई नियमित कार्यालय समयमा निजको जिम्मेवारीअनुसारको कार्य लगातार गरिरहँदा पनि आफ्नो कार्यसम्पादन गर्न नभ्याउने अवस्था परी अतिरिक्त समयमा कार्यालयमा रही कार्यसम्पादन गर्नुपर्ने भएमा सम्वत् २०७५ फागुन १ गतेदेखि लागू हुने गरी २०७६ असार मसान्तसम्मका लागि अतिरिक्त समय काम गरेबापत भत्ता उपलब्ध गराउने ।

२. यसरी अतिरिक्त समय काम गरेबापत भत्ता उपलब्ध गराउँदा मासिक रूपमा अधिकतम ८० घण्टासम्म अतिरिक्त समय काम गरेबापत शुरु तलब स्केलको ५०% (पचास प्रतिशत) सम्म र मासिक ८० घण्टाभन्दा कम अतिरिक्त समय काम गरेकोमा सोही अनुपातमा भत्ता उपलब्ध गराउने । तर, दैनिक १ घण्टाभन्दा कम अतिरिक्त समय काम गरेको अवधिलाई यस प्रयोजनका लागि गणना नगर्ने ।

३. अतिरिक्त समयमा काम लगाउनुपर्नाको कारण, सम्पादन गरेको कार्य र अतिरिक्त समय काम गरेको अवधि मन्त्रालय र केन्द्रीय निकायको हकमा महाशाखा प्रमुखको सिफारिसमा सचिव (राजपत्राङ्कित विशिष्ट श्रेणी) ले र अन्य निकाय वा कार्यालयको हकमा शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखले स्वीकृत गर्ने ।

४. अतिरिक्त समय काम गरेको अवधिको गणना गर्दा विद्युतीय हाजिरी मेसिन (E-attendance) को अभिलेखलाई आधार लिने ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८

फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

इमेल : info@opmcm.gov.np

वेब साइट : http://www.opmcm.gov.np

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-



मिति :..........................

५. सम्माननीय प्रधानमन्त्री र नेपाल सरकारको मुख्यसचिवको सुरक्षामा खटिने व्यक्तिगत सुरक्षाकर्मी (PSO) हरूलाई शुरु तलव स्केलको ५० प्रतिशत अतिरिक्त भत्ता उपलब्ध गराउने । यसरी खटिने सुरक्षाकर्मी (PSO) को हाजिरी विवरण मासिक रूपमा प्रमुख सुरक्षा अधिकृतले प्रमाणित गरी पेश गरेको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन शाखा प्रमुखले स्वीकृत गर्ने ।

६. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/९/२३ को निर्णयबाट प्रोत्साहन भत्ता उपलब्ध गराइएको निकायको हकमा सोहीबमोजिम हुने ।

७. अतिरिक्त समय काम गरेबापत भत्ता उपलब्ध गराउन आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले सम्बन्धित निकायलाई निकासा दिने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

<u>बोधार्थ तथा कार्यार्थः</u>

श्री सचिव,
अर्थ मन्त्रालय ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np